पत्र संख्या ०८१/८२
च. नं. २९४८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

मितिः २०८२/०२/२०

श्री हिमालय जल ऊर्जा प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८५११४५८०९ (किरण चिलुवाल)

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित किमरोन खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू तोकिएको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०२/१३ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) प्रस्तावित क्षेत्र <u>अन्नपूर्ण संरक्षण क्षेत्रमा</u> पर्ने देखिएको हुनाले देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम सहमति <u>छ महिना</u> भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा दरखास्त रद्द हुनेछ।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम <u>पैतिस (३५)</u> दिनको समयावधि भित्र निम्न विवरणहरू

- नोटराइज नभएको विवरण प्राप्त भएको हुनाले प्रवर्द्धक कम्पनी सम्बन्धी नोटराइज भएको निम्न विवरणहरू
  - प्रवर्द्धक कम्पनी को दर्ताको प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावलीको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्यान दर्ता को नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
- अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति,
- प्रत्येक पानामा परामर्शदाता संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत नभएकोले Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)
- विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
- परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर
मितिः २०८२/०२/२०